# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १७ नवम्बर २०२५**

*समयः १८:५० - १९:०० बजे*

## मुख्य समाचार

- राज्यपाल ड़ा. सी.वी आनन्द बोसले राजभवनमा बम आदिको टिएकसी नेताको आरोपको मध्यननजर पुलिस ,बम स्क्वाड दस्ता साहित अन्य सुरक्षा उजेन्सीहरूसित भजभव र परिसरको सतलशीको निर्देश दिनुभएको छ।
- राज्यमा जारी एसआईआर को कार्य प्रगतिको समीक्षा गर्न उपचुनावआयुक्त ज्ञानेश भारतीको नेतृत्वमा आयोगको एक शीर्ष दल भोली कोलकाता आईरहेको छ।
- रोजगार मेला २.०मा २००० भन्दा बढ़ी युव युवतीहरूले देशका प्रमुख कम्पनीळरूमा नियुक्त पत्र पाएको कुरा हर्षवर्धन श्रृंगलाले बताउनुभएको छ।
- बंगलादेशको अन्तराष्ट्रिय आपराधिक न्यायधिकरणले पूर्व प्रधानमंत्री शेख हसीनालाई फाँसीको सजाय सुनाएको छ।
- केन्द्रिय गुहमंत्री तथा राज्यकी मुख्यमंत्रीले महान स्वतंत्रता सेनानी लाला लाजपत रायलाई पुण्यतिथिमा श्रदासुमन अर्पित गर्नुभएको छ।

## राज्यपाल सी.भी. आनन्द बोस

तृणमूल कांग्रेसका सांसद कल्याण ब्यानर्जीले लगाएको गम्भीर आरोपपछि पश्चिम बंगालका राज्यपाल सी.भी. आनन्द बोसले कोलकाता पुलिस र केन्द्रीय रिजर्भ पुलिस बल (सीआरपीएफ) को बम डिस्पोजल युनिटलाई राजभवन परिसरको संयुक्त खोजी गर्न निर्देशन दिनु भएको छ। सांसद कल्याण ब्यानर्जीले राजभवनबाट भाजपा समर्थित असामाजिक तत्वहरूलाई हतियार र गोलाबारुद उपलब्ध गराइएको आरोप लगाउनु भएको थियो।

राज्यपालले व्यक्तिगत रूपमा खोजी अभियानको नेतृत्व गर्नु हुनेछ। आज जारी राजभवन विज्ञप्तिमा भनिएको छ कि राज्यपालले आफ्नो बाहिरी भ्रमण छोट्याएर तुरुन्तै कोलकाता फर्कने निर्णय गर्नु भएको छ। उहाँको निर्देशनमा, सम्पूर्ण राजभवन र वरपर संयुक्त खोजी अभियान सञ्चालन गरिनेछ, जसको नेतृत्व राज्यपाल आफैंले गर्नु हुनेछ। कोलकाता पुलिस, राजभवन पुलिस थाना, सीआरपीएफ बम स्क्वाड र कुकुर स्क्वाडका टोलीहरूले अपरेशनमा भाग लिने पुष्टि गरिएको छ। राजभवनले प्रबन्धक विभाग र नागरिक रक्षा विभागले पनि खोजी अभियानमा भाग लिने बताएको छ। सम्पूर्ण अपरेशन प्रत्यक्ष प्रसारण गरिनेछ, जसमा मिडिया र नागरिक समाजका प्रतिनिधिहरू उपस्थित हुनेछन्।

## चुनाव आयोग शीर्ष दल

भारतीय चुनाव आयोगको एउटा उच्च स्तरीय दल भोली कोलकाता आउने भएको छ तथा राज्यमा चलिरहेको एसआईआर कार्य प्रगतिको समीक्षा गर्नेछ चुनाव आयोगका वरिष्ठ उप–चुनाव आयुक्त ज्ञानेश्वर भारतीको नेतृत्वमा आउने दलले एसआईआर कार्य प्रगतिको समीक्षामा साथ ईलेक्ट्रोनिक्स भोटिंग मशीन (ईभीएम) हरूको फष्ट लेवल चेक कार्यशालमा पनि सामेल रहने छन्। यो उच्च स्तरीय दलको एसआईआर शुरू भएपछि यो दोस्रो भ्रमण हो । यस उच्च स्तरीय दलमा प्रधान सचिव एस.बी जोशे , प्रघान सचिव मलय मल्लिक, उप–सचिव अभिनव अग्रवाल सामेल रहनेछन्।

## राज्यसभा चुनाव आयोग

पश्चिम  बंगाल मुख्य चुनाव अधिकारी कार्यालयले आज एक विज्ञप्ति जारी गरी एसआईआर का लागि मोबाईल मा कुनै पनि प्रकारले ओटिपी को आवश्यकता पहेको स्पष्ट गरेको छ। अनलाईन एसआईआर फार्म भर्दा ओटिपी को खाँचो रहेको भ्रमक खबरहरूको खण्डन गर्दै आयोगले यो स्पष्टीकरण जारी गरेको हो। मतदाता सूची

संशोधनका लागि पनि ओटिपी आयोगले न मागेको स्पष्ट गरेको छ। अर्कोतिर राज्यभरी एसआईआर प्रक्रिया जारी छ। बीएलओ हरूले घर–घर गएको ईन्युमेरेशन फार्म हरू वितरित गरिरहेका छन् भने फार्म भर्न सहयोग पनि गरिरहेका छन्। भरीसकेका फार्महरू संग्रह पनि गरिरहेका छन्।

**राज्य एसआईआर प्रभाव**

राज्यमा एसआईआर शुरू भए देखि बढ़ी संख्यामा अवैध बंगलादेशीहरू राज्य छोड़ेर बांग्लादेश भाग्न थालेका छन्। विभिन्न मीडिया रिर्पोटहरू अनुसार ४ नोभेम्बर देखि राज्य मतदाता सुची सधन पुनरीक्षण एसआईआर शुरू भएदेखि नै बंगलादेशसित जोड़िएका सीमावर्ती जिल्लाहरू देखि हजारौं को संख्यामा बंगलादेशीहरू फर्किन थालेका छन् तथा बीएसएफले कड़ा निगरानी गर्दै सैकडौलाई पक्राउ पनि गरिसकेको छ। कोलकाताको न्युटाउन , सल्टलेक ,सियालदह र हावड़ाका कैयंन इलाकाहरू खाली हुन थालेका छन्।

**रोजगार मेला**

रोजगार मेलाको उद्देश्य दार्जीलिङ पहाड़, सिलगड़ी तराई, डुर्वस सहित अलिपुरद्वार , जलपाईगुड़ी , कुचबिहार जिल्लाका युवाहरूलाई रोजगार उपलब्ध गराई बेरोजगारीको समस्या समाधानमा टेवा दिनुहो। यो कुरा मुख्य आयोजक पूर्व विदेश सचिव अनि राज्यसभा सांसद हर्षवर्धन श्रृंगलाले ममीडियासितको कुराकानीमा भन्नुभयो।

**पूर्व प्रधानमंत्री शेख हसीना**

बांग्लादेशमा, अंतर्राष्ट्रीय आपराधिक न्यायाधिकरणले पूर्व प्रधानमंत्री शेख हसीना र उहाँका दुई निकट सहयोगिहरूलाई मानवता विरुद्ध अपराधका लागि दोषी ठहराएको छ। शेखहसिनालाई अदालतले फाँसीको सजाय सुनाएको छ।

**मुख्यमन्त्री ममता - लाला लाजपत राय**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले भारतका महान स्वतन्त्रता सेनानी औ निर्भीक देशभक्त लाला लाजपत रायको पुण्यतिथिमा उहाँलाई नमन गर्नु भएको छ। आज उहाँले सामाजिक संजाल पोस्टमालेख्नु भएको छ, भारतीय स्वतन्त्रता संग्रामका एक महान नेता तथा ‘पञ्जाब केसरी’ लाला लाजपत रायलाई श्रद्धाञ्जली अर्पण गर्दछु। मुख्यमन्त्री ममता ब्यानर्जीले भन्नु भयो, स्वतन्त्रता आन्दोलना लाजपत रायको योगदान अमूल्य थियो। उहाँको अदम्य साहस, त्याग अनि राष्ट्रप्रेमले देशलाई स्वतन्त्रताको मार्गमा अगाड़ि बढ़ाउनमा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो।

**अनित थापा सार्वजनिक भवन उदघाटन**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाले सिंगेल चियाबारीको नयाँधुरामा एउटा नवनिर्मित सार्वजनिक भवनको उदघाटन गर्नुको साथै सिंगेल चियाबारीको सार्कीधुरा, चारधुरे, कफिबारी र बगैचाटारमा गरी जम्मा पाँचवटा नव निर्मित सार्वजनिक भवनको उदघाटन गर्नु भएको छ। यसको साथै उहाँले सिमानाधुरामा नयाँ सार्वजनिक भवनको निर्माणको लागि शिलान्यास पनि गर्नु भएको छ। जीटीए प्रमुख अनित थापाले सिंगेल चियाबारीको कफिबारी अन्तर्गत गोदामधुरामा पाँचवटा नव निर्मित घरहरुको पनि उदघाटन गर्नु भएको छ। उक्त पाँचवटा घरहरु अग्नि पिढीत परिवारहरुको नयाँ घर निर्माण गरिएको हो। सिंगेल चियाबारीको नयाँ धुरामा नवनिर्मित सार्वजनिक भवनको निर्माण राज्य फण्ड अन्तर्गत खरसाङ सिँचाई विभागबाट गरिएको छ। यस सार्वजनिक भवनको निर्माण कार्य 43 लाख 1 हजार 5 सय 94 रुपियाँमा गरिएको छ। उक्त सार्वजनिक भवनको उदघाटन जीटीए प्रमुख अनित थापाको विशेष उपस्थितिमा टुंग सन्त मेरिज समष्टिका सभासद नुरी शेर्पाले रिबन काटेर उदघाटन गर्नु भएको छ। यसैगरी जीटीए प्रमुख कार्यपाल अनित थापाले आज एक प्रेस विज्ञाप्ति जारी गरी गोरूबथान अनि सुखियापोखरीमा नयाँ फायर स्टेशन निर्माणका लागि प्रशासनिक स्वीकृति पाएको जानकारी गराउँदै हर्ष प्रकट गर्नुभएको छ।

**दार्जीलिङ –आरएसएस सेन्टेनेरी**

राष्ट्रिय स्वंयसेवक संघ राष्ट्र सेवामा समर्पित संगठन हो र विगत १००वर्ष देखि निर्स्वाथ भावले देशको सेवा गर्दै आएको छ। राष्ट्रभक्ति , सामाजिक सेवा , सामाजिक समरसता अनि राष्ट्र र समाज माथि आएको कुनै पनि विपत्ती अथवा आपदामा राष्टिय स्वंयसेवक संधका स्वयंसेवकहरूले जाति, भाषा, क्षेत्र , मत–पथ धर्मदेखि माथि उठेर सेवा गरेको आज अनेकौ उदाहरणहरू छन्। यो कुरा राष्ट्रिय स्वयंसेवक संघका अखिल भारतीय सर्म्पक प्रमुख श्री रामलालजीले दार्जीलिङमा आयोजित संघको दार्जीलिङ जिल्ला पहाड़ी क्षेत्रको प्रमुख नागरिक सम्मेलनलाई संबोधित गर्दै भन्नुभयो।